# जिल्ला प्रशासन कार्यालय, काठमाडौं

## इजलाश

### प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

## फैसला

सम्वत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.३१२२

दर्ता मिति :– २०७१/१०/१९

मुद्दा :– **केही सार्वजनिक अपराध**

निर्णय नं.३३२५, मिति :– २०७२/०२/१०

**वादी**

शोभा थापा र सपना थापा समेतको जाहेरीले नेपाल सरकार............१

निजहरुको प्रमाण

साक्षीः जाहेरवाला शोभा थापा रसपना थापा

कागज..×...

**प्रतिवादी**

मुरारी थापाको छोरा, काठमाण्डौं जिल्ला, इन्द्रेणी गा.वि.स.वडा नं.२ घर भई का.जि.का.म.न.पा. वडा नं. १४ कलंकी बस्ने वर्ष ३६ को संदिप थापा.................................................................१

प्रेमकुमार थापाको पत्नी, जिल्ला काठमाण्डौं, का.म.न.पा.-११ बबरमहल बस्ने वर्ष ३९ की सृजना थापा................................१

बझाङ्ग जिल्ला घर भई हाल का.जि., का.म.न.पा. वडा नं.११ बबरमहल बस्ने वर्ष ५२ को टेकबहादुर रावल...........................१

टेकबहादुर रावलको छोरा बझाङ्ग जिल्ला घर भई हाल का.जि., का.म.न.पा.वडा नं.११ बबरमहल बस्ने वर्ष ३० को नरेन्द्र रावल....१

निजहरुको प्रमाण..×...

यस कार्यालयबाट बुझेको प्रमाण..×..

**केही सार्वजनिक ( अपराध र सजाँय ) ऐन, २०२७ को दफा ५(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :–**

१. म र मेरो सौता चमेली थापाको छोरा प्रेमकुमार थापाबीच अंश मुद्दा अदालतमा चलिरहेकोले फैसलाको क्रममा छ । विपक्षी प्रेमकुमार थापाको तर्फबाट निजको सालो संदिप थापाले मुद्दा गरी रहेकोमा निज विपक्षी संदिप थापा, निजको दिदि सृजना थापा, निजको कानून व्यवसायी टेकबहादुर रावल र

निजको छोरा नरेन्द्र रावल समेतले हामी जाहेरवालाहरु आमा छोरीलाई ज्यान मार्ने धम्की दिई आएकोमा मिति २०७१।९।३० गते साँझमा काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ११ स्थित आफ्नै घरको भुईं तलाको घरमा प्रवेश गर्ने घर नजिकै भान्सा कोठा अगाडी निज विपक्षीहरु संदिप थापा, सृजना थापा, टेकबहादुर रावल र नरेन्द्र रावल समेतले हामी जाहेरवालाहरुलाई कुटपीट गरी घाइते पारी थापाथली स्थित नर्भिक अस्पतालमा उपचार गराईरहेको हुँदा विपक्षीहरुलाई पक्राउ गरी केही सार्वजनिक अपराध र सजाँय ऐन बमोजिम कारवाही गरी उपचार वापत लागेको खर्च समेत दिलाई भराई पाउँ भन्ने व्यहोराको शोभा थापा र सपना थापाको जाहेरी दरखास्त ।

२. शोभा थापा समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी संदिप थापा समेत भएको के सा अ मुद्दामा जाहेरीमा उल्लेख भएका प्रतिवादीहरुलाई खोजतलास गर्दा निज प्रतिवादीहरु मध्ये संदिप थापालाई आज मिति २०७१।१०।१४ गते ववरमहलमा पक्राउ परेको हुदा दाखिला गरेको छु, निजलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का तथा प्रहरी प्रतिवेदन ।

३. टाउको अनुहार लगायतको शरीरका विभिन्न चोट पटक लागेको भन्ने जाहेरवालाहरु शोभा थापा र सपना थापाको नामको नर्भिक अस्पताल थापाथलीबाट भएको छुट्टा छुट्टै घाँ जाँच केश फाराम रिपोर्ट ।

४. मिति २०७१।९।३० गते साँझमा म दिदी सृजना थापालाई भेट्न निजको घर बबरमहलमा जाँदा जाहेरवाला आमा छोरीले मसँग विवाद गरी हातपात गर्न थाले पश्चात् मैले आफ्नो बचाउको लागि निजहरुलाई धकेली दिएकोसम्म हुँ । निजहरुलाई जाहेरीमा लेखिए अनुसारबाट हेल्मेट रड समेतले प्रहार गरेको होइन, हामी बीच हातपात भई सकेपछि मेरो दिदी सृजना थापा र अन्य टेकबहादुर रावल र नरेन्द्र रावल समेत आई पुगेका थिए । निजहरुलाई ज्यान मार्ने उद्धेश्यले कुटपीट गरेको होइन भन्ने समेत व्यहोराको प्रतिवादी संदिप थापाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

५. मिति २०७१।९।३० गते साँझमा का.जि., का.म.न.पा.-११ बबरमहल स्थित जाहेरवालाको घर अगाडि सार्वजनिक स्थानमा प्रतिवादीहरु संदिप थापा, सृजना थापा, टेकबहादुर रावल र नरेन्द्र रावल समेतले अंश सम्वन्धी विषयमा रिसइवी रही हातपात कुटपीट गरी सार्वजनिक अपराधको घटना घटाएको भन्ने सुनी थाहा पाएका हौं, निज विपक्षीहरु उपर प्रचलित कानून बमोजिम कारवाही गरियोस् भन्ने समेत व्यहोराको मुकुन्द थापा समेतले गरेको घटना विवरण कागज ।

६. जाहेरी दरखास्त, प्रहरी प्रतिवेदन, घटनास्थल मुचुल्का तथा पक्राउ परेका प्रतिवादी संदिप थापा समेतका प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको वयान समेतका कागजातहरुका आधारमा प्रतिवादीहरु संदिप थापा,सृजना थापा,टेकबहादुर रावल र नरेन्द्र रावलको उक्त कार्य केही सार्वजनिक (अपराध र सजाँय ) ऐन, २०२७ को दफा २ को खण्ड (ख), (छ) र (ज) अनुसारको कसूर अपराध भएकोले निज प्रतिवादीहरु संदिप थापा, सृजना थापा, टेकबहादुर रावल र नरेन्द्र रावललाई उक्त कसूरमा सोही ऐनको दफा ६(१) बमोजिम सजाँय गरी उपचारमा लागेको खर्च समेत दिलाई भराई पाँउ भन्ने व्यहोराको अभियोग माग दावी ।

६. मिति २०७१।९।३० गते म दिदीलाई निम्तो दिन दिन निजको घरमा जादा जाहेरवालाले मलाई त्यहा अंश खान आएको भनी अनावश्यक रुपले गाली गर्दै हातपात गर्न थालेपछि मैले आफ्नो वचाउको लागि निजलाई धकेली दिएको हुँ । त्यस वेला मेरो देब्रे हातमा समेत चोट लागेकोले हालसम्म उपचारकै क्रममा छु । निजहरुलाई ज्यान मार्ने नियतले कुटपीट गरेको होइन भन्ने समेत व्यहोराको प्रतिवादी संदिप थापाले यस कार्यालयमा गरेको वयान ।

७. अभियोगलाई इन्कारी गरी वयान गरेता पनि मिसिलसाथ पेश भएका कागजातहरुको आधार प्रमाणहरुबाट प्रतिवादी संदिप थापाले अहिले नै आरोपित कसूर गरेको होइन भन्न सकिने नदेखिएकोले मु.ऐ.अ.बं. ११८ को देहाय ५ नं. अनुसार प्रतिवादी संदिप थापासँग रु ५,०००।- नगदै वा सो वरावरको जेथा जमानत धरौटी लिई तारेखमा राख्नु, दिन नसके सोही नं.को देहाय ८ नं.बमोजिम थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु भन्ने मिति २०७०/१०/१९ मा यस कार्यालयबाट भएको आदेश बमोजिम निजले नगदै धरौट दाखिला गरी तारीखमा बसेका रहेछन् ।

८. जाहेरवाली र सौता चमेली थापा बीच अंशचलन र वादी चमेली थापा र प्रतिवादी यी विपक्षी जाहेरवाली भएको अंश दपोट मुद्दामा म विपक्षी जाहेरवाली शोभा थापाको सौता चमेली थापा र प्रेमकुमार थापा समेतको तर्फबाट कानून व्यवसायी नियुक्त भई मुद्दा लेखन, वहस, पैरवी समेतको काम गरेको छु । आफ्नो विपक्षी तर्फबाट कानून व्यवसायीको इशारामा काम गरेको भन्ने रिसइवीबाट प्रेरित भई विपक्षी जाहेरवालीहरुले मेरो ज्यु-धनमा अशान्ति असुरक्षा पुऱ्याएकोले शान्ति सुरक्षाको लागि यस कार्यालयमा निवेदन दिई मेरो निवेदन बमोजिम शान्ति सुरक्षा गरी दिने भनी यस कार्यालयबाट महानगरीय प्रहरी परिसर, हनुमानढोकालाई पत्राचार भएको र त्यसपछि विपक्षी जाहेरवालीहरुले मेरो नाममा कानून व्यवसायी परिषद्मा मिति २०७१।१।१५ मा झुट्ठा व्यहोराको उजुरी दिएको र सोमा प्रतिवाद परी मेरो प्रतिउत्तर जिकिर र प्रमाणको आधारमा विपक्षीको उजुरी झुट्ठा ठहरी तामेलीमा राख्ने गरी मिति २०७१।६।३१ मा कानून व्यवसायी परिषद्बाट निर्णय भएको छ, बुझी प्रमाण लगाई पाउँ । विपक्षी जाहेरवालीको सोही रिसइवीको निरन्तरता, पूर्वाग्रहीपूर्ण भई यस मुद्दामा आफ्नो विपक्षी तर्फको कानून व्यवसायी भएको कारण मेरो तथा मेरो छोरा नरेन्द्रबहादुर रावलको नाममा झुट्ठा जाहेरी दिएको हो । वारदात मिति, समयमा र सो पछि म तथा मेरो छोरा उक्त स्थानमा छैनौ । जोखिम हतियार हातमा लिई हेम्वरले प्रहार गरेको, कुटपीट लछार पछार गरेको हैन, छैन । वारदात भनिएको घरमा म तथा मेरो छोरा बस्दैनौ । निजहरुको बीच चलेको अंश मुद्दाको कारण म सो घरमा बस्ने अवस्था पनि भएन । विपक्षी जाहेरवालीले श्री काठमाण्डौं जिल्ला अदालतमा द.नं.८००७७, मिति २०६८।२।२० मा दायर गरेको निवेदनबाट पनि म सो घरमा नबसेको कुरा प्रष्ट छ, प्रमाणका लागि सो निवेदन पेश गरेको छु । विपक्षी जाहेरवालीले लगाएको आरोप र त्यसको आधारमा म तथा मेरो छोरा विरुद्ध उपरोक्त रिसइवीको कारणबाट मुद्दा चलाइएको हो । म तथा मेरो छोरा विरुद्ध लगाइएको आरोप झुट्ठा हो । जाहेरवालीलाई कुटपीट, गालीगलौज हुल हुज्जत र अशान्ति केही पनि केही पनि गरेका छैनौ । विपक्षी जाहेरवालीको औषधि उपचार खर्च पनि तिर्नु बुझाउनु पर्ने छैन । लगाइएको सम्पूर्ण आरोप झुट्ठा हो । मलाई संलग्न प्रमाणका आधारमा झुट्ठा अभियोगबाट सफाई दिलाई पाउँ भन्ने समेत व्यहोराको अड्डाकै रोहवरमा म्याद बुझी उपस्थित भएका प्रतिवादी टेकबहादुर रावलले यस कार्यालयमा गरेको वयान ।

९. मेरो वुवा यी जाहेरवालीको अशंचलन र अंश दपोट मुद्दामा चमेली थापा र प्रेमकुमार थापाको तर्फबाट वकिल भएकोले वुवाको रिसइवीका कारण पूर्वाग्रही भई मलाई समेत यस मुद्दामा झुट्ठा पोल गरेको हो । वारदात भएको घरमा म बस्दिन । वारदात हुदा र वारदात पछि सो स्थानमा म छैन । जाहेरवालीको कपाल समाती लछार पछार, गालीगलौज, हुलहुज्जत अशान्ति, कुटपीट गरेको छैन र निजको औषधि उपचार पनि तिर्न बुझाउन छैन । वारदात समयमा आफ्नै कोठामा बसी अध्ययनरत छु । मेरा विरुद्ध लगाइएको सम्पूर्ण आरोप झुट्ठा हो । झुट्ठा आरोप खारेज गरी सफाई दिलाई पाउ भन्ने समेत व्यहोराको अड्डाकै रोहवरमा म्याद बुझी उपस्थित भएका प्रतिवादी नरेन्द्र रावलले यस कार्यालयमा गरेको वयान ।

१०. अभियोगमा इन्कारी गरी वयान गरेता पनि मिसिलसाथ पेश भएका कागजातहरुको आधार प्रमाणहरुबाट प्रतिवादीहरु टेकबहादुर रावल र नरेन्द्र रावलले अहिले नै आरोपित कसूर गरेका होइनन् भन्न सकिने अवस्था नदेखिएकोले मु.ऐ.अ.बं. ४७ बमोजिम प्रतिवादीहरु टेकबहादुर रावल र नरेन्द्र रावललाई तारेखमा राखी मुद्दाको पूर्पक्ष गर्नु भन्ने मिति २०७०/१०/२३ मा यस कार्यालयबाट भएको आदेश बमोजिम निज प्रतिवादीहरु तारेखमा बसेका रहेछन् ।

११. जाहेरवाली मेरी सासु हुनुहुन्छ । अभियोग बमोजिमको कुनै पनि कुटपीट लछार पछार मबाट भएको होइन र उक्त घटना भएको भन्ने मैले देखे सुनेको समेत छैन हैन । म एक गृहिणी भएकोले त्यस्ता कार्य गर्न गराउन संलग्न छैन । मलाई कनै किसिमको सजाय हुनु पर्ने होइन । मेरो वारेमा टोलछिमेकमा बुझे स्पष्ट हुन्छ भन्ने समेत व्यहोराको यस कार्यालयबाट नै म्याद बुझी हाजिर हुन आएकी प्रतिवादी सृजना थापाले यस कार्यालयमा गरेको वयान ।

१२. अभियोगमा इन्कारी गरी वयान गरेता पनि मिसिलसाथ पेश भएका कागजातहरुको आधार प्रमाणहरुबाट प्रतिवादी सृजना थापाले अहिले नै आरोपित कसूर गरेको होइन भन्न सकिने नदेखिएकोले मु.ऐ.अ.बं. ११८ को देहाय ५ नं. अनुसार प्रतिवादी सृजना थापासँग रु १,०००।- नगदै वा सो वरावरको जेथा जमानत धरौटी लिई तारेखमा राख्नु, दिन नसके सोही नं.को देहाय ८ नं.बमोजिम थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु भन्ने मिति २०७०/११/२६ मा यस कार्यालयबाट भएको आदेश बमोजिम निजले नगदै धरौट दाखिला गरी तारीखमा बसेका रहेछन् ।

१३. जाहेरी दरखास्त मेरै र मेरी आमा शोभा थापाको हो । उक्त वारदात समयमा म लगायत मेरी आमा शोभा थापालाई प्रतिवादी संदिप थापा, सृजना थापा, टेकबहादुर रावल र नरेन्द्र रावलसे साँझ करिव ७.०० बजेको समयमा म समेत माथि हातपात कुटपीट गरेका हुन् । कुटपीट गर्दा मेरो दाहिने आँखामा चोट लागि उपचार गराएको हुँ । कुटपीट हुदाको अवस्थाको फोटो संलग्न राख्न चाहन्छु । निज प्रतिवादीहरुले आमाको आँखामा चोट लगाएका हुन् र तत्काल नर्भिक अस्पतालमा लगी उपचार गराएको हुँदा उपचार वापतको रकम पाउनु पर्ने हो । शोभा थापा र प्रतिवादी चमेली थापा समेत भएको अंश मुद्दामा चमेली थापाको कानून व्यवसायी टेकबहादुर रावल थिए भन्ने समेत व्यहोराको जाहेरवालीमध्येकी सपना थापाले यस कार्यालयमा गरेको वकपत्र ।

१४. जाहेरी दरखास्त मेरै र मेरी छोरी सपना थापाको हो । उक्त समयमा म लगायत मेरी छोरी सपना थापालाई प्रतिवादी बनाइएका संदिप थापा, सृजना थापा, टेकबहादुर रावल र नरेन्द्र रावलले वेलुका लगभग ७.०० बजेको समयमा म समेत माथि हातपात, कुटपीट गरेका हुन् । तत्काल नर्भिक अस्पतालमा उपचार गराएकी हुँ । उक्त उपचारमा लागेको बील मसँग छ पेश गर्न सक्छु । उपचार खर्च पाउनु पर्छ । मेरो आँखामा र टाउकोमा चोट लागेको हो भन्ने समेत व्यहोराको जाहेरवाली शोभा थापाले यस कार्यालय समक्ष गरेको वकपत्र ।

## <u>ठहर</u>

१५. नियम बमोजिम मुद्दा पेशी सुचिमा चढी निर्णयार्थ ईजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०७१।९।३० गते साँझ का.जि.,का.म.न.पा.-११, बबरमहल स्थित सार्वजनिक स्थानमा प्रतिवादीहरु संदिप थापा, सृजना थापा, टेकबहादुर रावल र नरेन्द्र रावल समेतले जाहेरवालाहरु शोभा थापा र सपना थापालाई हातपात कुटपीट गरी घाइते पारी केही सार्वजनिक (अपराध र सजाँय ) ऐन, २०२७ को दफा २ को खण्ड (ख),(छ) र (ज) अनुसारको कसूर अपराधमा निज प्रतिवादीहरु संदिप थापा, सृजना थापा,

टेकबहादुर रावल र नरेन्द्र रावललाई सोही ऐनको दफा ६(१) बमोजिम सजाँय गरी उपचारमा लागेको उपचार खर्च समेत यी नै प्रतिवादीहरुबाट दिलाई भराई पाउँ भन्ने अभियोग मागदावी रहेछ ।

१६. यसमा प्रतिवादीहरु संदिप थापा, सृजना थापा, टेकबहादुर रावल र नरेन्द्र रावलले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन होइनन्, कसुर गरेका भए निजहरुलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आयो ।

१७. अब मिसिल संलग्न कागजातहरु अध्ययन गरी निर्णय तर्फ बिचार गर्दा जाहेरवालालीहरु शोभा थापा र सपना थापा तथा प्रतिवादीहरु संदिप थापा, सृजना थापा बीच पारिवारिक बेमेल भएको, निजहरु सृजना थापाकी सासु चमेली थापा र जाहेरवालीहरु बीच अदालतमा अंश मुद्दा लगायतका मुद्दाहरु चलिरहेको र प्रतिवादीहरुमध्येका टेकबहादुर रावल यी नै प्रतिवादीका कानून व्यवसायी भन्ने जाहेवालाहरुको कथन र प्रतिवादीहरुको वयान लगायतका मिसिल संलग्न कागजातहरुबाट देखिन्छ । त्यसैगरी अर्का प्रतिवादी नरेन्द्रबहादुर रावल अर्का प्रतिवादी टेकबहादुर रावलका सहोदर छोरा देखिए । जाहेरी दरखास्तको व्यहोरा अध्ययन गर्दा मिति २०७१।९।३० गते साँझमा काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ११ स्थित आफ्नै घरको भुईं तलाको घरमा प्रवेश गर्ने घर नजिकै भान्सा कोठा अगाडी प्रतिवादीहरुले रड, हेल्मेट र हेम्मर लौरीले कुटपीट गरी ज्यान मार्न खोज्दा प्रहरी आई हामीलाई बचाएर अस्पताल लगेको भनी उल्लेख छ ।

१८. अभियोग माग दावी लिइएको केही सार्वजनिक ( अपराध र सजाँय ) ऐन,२०२७ को दफा २ को (ख) (छ) र (ज) को प्रावधानलाई हेर्दा ऐ (ख) मा **सार्वजनिक स्थानमा कुटपिट वा हुल हुज्जत गरी शान्ति भङ्ग गर्ने,** ऐ. (छ) मा **सार्वजनिक स्थानमा महिला वर्गलाई हातपात गरी बेइज्जत गर्ने**, ऐ (ज) मा **सार्वजनिक स्थानमा जथाभावी व्यवहार गर्ने** कार्यहरुलाई सार्वजनिक अपराधको दायरा भित्र राखेको देखियो । उल्लेखित अवस्था बाहेकका अन्य अवस्थाहरुमा यी प्रावधानहरु आकर्षित हुन नसकी अन्य कानुनी उपचारको बाटो अवलम्वन गर्नु पर्ने हुन्छ । यस मुद्दाको जाहेरी दरखास्तमा नै वारदात भएको भनिएको स्थान सार्वजनिक स्थान नभई जाहेरवाला र प्रतिवादी सृजना थापा बसोबास गर्दै आएको निजी घर कम्पाउण्ड भित्र भनी जाहेरवालाहरुबाट नै खुल्न आएकाले सार्वजनिक स्थान बाहेक अन्य स्थानमा भएका वारदातका सम्बन्धमा केही सार्वजनिक ( अपराध र सजाँय ) ऐन, २०२७ को दफा २ को (ख) (छ) र (ज) आकर्षित हुन सक्दैन । तसर्थ, प्रथम नजर (Prima Facie) मा नै मुद्दाको विषयवस्तु भित्र प्रवेश गरी रहन उचित देखिएन । यस मुद्दाको हकमा प्रतिवादीहरु संदिप थापा, सृजना थापा, टेकबहादुर रावल र नरेन्द्र रावलले केही सार्वजनिक ( अपराध र सजाय ) ऐन,२०२७ को दफा २ को (ख),(छ) र (ज) विपरितको कसूर गरेको भन्ने अभियोग दावी पुग्न नसकी प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ । अरुमा कानून बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.बं. १८६ नं. बमोजिम फैसला गरि दिएँ ।

## <u>तपसील</u>

- प्रतिवादीहरु संदिप थापा, सृजना थापा, टेकबहादुर रावल र नरेन्द्र रावल के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजले अभियोग मागदावीबाट सफाई पाउने ठहरेकाले प्रतिवादी संदिप थापाले मुद्दा पूर्पक्षको सिलसिलामा मिति २०७१।१०।१९ मा राखेको धरौटी रकम रु ५०००।- र प्रतिवादी

सृजना थापाले मिति २०७१।११।२६ मा यस कार्यालयमा राखेको धरौट रकम रु. १,०००/- फिर्ता पाँउ भनी प्रस्तुत मुद्दा अन्तिम किनारा भए पछि वा पुनरावेदन म्याद नाघे पछि ऐनका म्याद भित्र निवेदन दिए नियमानुसार फिर्ता दिनु......................................................................................१

- प्रस्तुत फैसलामा चित्त नबुझ्ने सो को ७० (सत्तरी) दिनभित्र पुनरावेदन अदालत, पाटन, ललितपुरमा पुनरावेदन गर्न जानु भनी जि.स.व.का. काठमाडौंलाई पुनरावेदन म्याद सहित फैसलाको जानकारी दिनु ..............................................................................................२
- सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू.............................................................................................................................३
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू .........................................४

..................................

(एकनारायण अर्याल)
प्रमुख जिल्ला अधिकारी

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूले टिपाए वमोजिम

टिपी कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा/ना.सु.भुवराज घिमिरे

प्रशासकीय अधिकृत कृष्ण गैह्रे

इति सम्वत २०७२ साल जेष्ठ १० गते रोज १ शुभम्......................